३८ औं बैठक

आज मिति २०८० मंसिर १० गते आइतबारका दिन बिहान ठीक ८:०० बजे राइनास नगरपालिकाको बैठक कक्षमा राइनास नगरपालिकाका नगर प्रमुख श्री खड्ग बहादुर गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थिति र सहभागितामा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १६ को खण्ड (क) को प्रकरण नं. (१) र (३) बमोजिम राइनास नगर कार्यपालिकाको ३९ औं नियमित बैठक बसी पूर्व निर्धारित छलफलका विषयसूची (Agendas) उपर बिस्तृत छलफल भई निम्नानुसार निर्णय समेत भयो।

उपस्थितिः

नगर प्रमुख खड्ग बहादुर गुरुङ -अध्यक्ष

उप प्रमुख पुष्पराज खनाल -सदस्य

वडा नं. १ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य विष्णु प्रसाद पौडेल -सदस्य

वडा नं. २ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लक्ष्मण शाही -सदस्य

वडा नं. ३ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य देउ बहादुर पौडेल -सदस्य

वडा नं. ४ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य बलराम पराजुली -सदस्य

वडा नं. ५ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य शङ्ख बहादुर सार्की -सदस्य

वडा नं. ६ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य गोविन्द चिलुवाल -सदस्य

वडा नं. ७ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य मोहनलाल श्रेष्ठ -सदस्य

वडा नं. ८ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य कृष्ण बहादुर रानाभाट-सदस्य

वडा नं. ९ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लुविन्द्र गुरुङ -सदस्य

वडा नं. १० का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लक्ष्मण गुरुङ -सदस्य

नगर कार्यपालिका सदस्य नानुमाया लामा -सदस्य

नगर कार्यपालिका सदस्य सोचना लौडारी -सदस्य

नगर कार्यपालिका सदस्य कल्पना सुनार -सदस्य

नगर कार्यपालिका सदस्य दिलमाया गुरुङ -सदस्य

नगर कार्यपालिका सदस्य चन्द्रावती पन्थी -सदस्य

नगर कार्यपालिका सदस्य सुक बहादुर कामी -सदस्य

नगर कार्यपालिका सदस्य बिन्दु वि.क. -सदस्य

नगर कार्यपालिका सदस्य बिमला कुमाल -सदस्य

नि. प्रमुख प्रशासकीय अधिकृत पूर्ण बहादुर नेपाली -सदस्य सचिव

अन्य उपस्थितिः

बैठक व्यवस्थापकः शर्मिला अधिकारी

प्राविधिक शाखा प्रमुखः अरुण खनाल

आर्थिक प्रशासन शाखा प्रमुखः विशाल सुवेदी

निर्णय लेखन सहयोगीः विष्णु प्रसाद आचार्य

प्रस्तावित छलफलका विषयसूचिहरु (Agendas) :

१) मिति २०८०।०७।२३ गतेको ३८ औ नगर कार्यपालिकाको बैठकमा भएका निर्णयहरुको समीक्षा पुनरावलोकन(Review) सम्बन्धमा ।

२) मृगौला प्रत्यारोपण गरि डायलायसिस गरिरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका विरामीहरुलाई उपलब्ध गराउने रकम(सामाजिक सुरक्षा) सम्बन्धमा।(प्रतिब्यक्ति मासिक रु. ५०००/-)

३) राइनास नगरपालिकाको क्षेत्र भित्रको कृषि तथा पशुजन्य उपज ढुवानी तथा पैठारी गर्नका लागि कृषि एम्बुलेन्स(बोलेरो) को भुक्तानी बाँकी रकम व्यवस्थापन सम्बन्धमा।

४) बि.पी. स्मृती भवन निर्माण आयोजनाको पेश्की फछ्र्यौट गरी भुक्तानी सम्बन्धमा।

५) कोदोबालीमा अनुदान वितरण कार्यक्रम सम्बन्धमा।

६) कृषि विकास शाखासंग सम्बन्धित विभिन्न कार्यविधि निर्माण सम्वन्धमा।

७) मेयर उद्यमशीलता कार्यक्रम सम्बन्धमा।

८) राइनास नगरपालिका कार्यालयको सुरक्षाका लागि चौकीदार ब्यवस्था सम्वन्धमा।

९) राइनास नगरपालिकाको वडा नं ४ अन्तर्गत रहेको नगर अस्पताल हस्तान्तरण प्रक्रिया र सञ्चालन सम्बन्धमा।

१०) मागमा आधारित निवेदन सम्वन्धमा।

११) विविध।

**मिति २०८०/०८/१० गतेको कार्यपालिका बैठकका निर्णयहरुः**

१. राइनास नगरपालिका नगर कार्यपालिकाको मिति २०८०/०७/२३ गतेको ३८ औं बैठकबाट भएका ३० वटा निर्णयहरुको सम्बन्धमा आजको बैठकमा समीक्षा पुनरावलोकन(Review) भयो।मिति २०८०/०७/२३ गतेको ३८ औं बैठकबाट भएका ३० वटा निर्णयहरुमध्ये ११ वटा निर्णयहरु (निर्णय नं २,३,४,५,८,९,१४,१७,२४,२९ र ३०) कार्यान्वयन भईसकेको १ वटा निरन्तर नियमित रुपमा कार्यान्वयन हुने निर्णय (निर्णय नं ६) कार्यान्वयन भईरहेको र भईरहने, निर्णय नं १०,११,१२,१५,२२,२३,२५ र २६ गरी ८ वटा निर्णयहरु कार्यान्वयन हुने क्रममा रहेको र ९ वटा निर्णयहरु (निर्णय नं ७,१३,१६,१८,१९,२०,२१,२७ र २८) कार्यान्वयन हुन बाँकी रहेकाले कार्यान्वयनको क्रममा रहेका ८ वटा निर्णयहरु र र कार्यान्वयन गर्न बाँकी रहेका ९ वटा निर्णयहरु क्रमशः कार्यान्वयन गर्न नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका शाखाहरुलाई निर्देशन दिने निर्णय भयो।

२. राइनास नगरपालिकामा रहेका मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गरिरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई उपलब्ध गराउने रकम यस आ.व. २०७९/०८० को प्रथम त्रैमासिकको प्रत्येक बिरामीको मासिक रु ५०००/- का दरले र महिनाको रु

१५०००/-(अक्षरुपी रु. पन्ध्रहजार रुपेया मात्र।) उक्त कार्यविधिको अनुसुची ३ बमोजिम स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा बजेट माग गरि शोधभर्ना गर्नेगरी वडा कार्यालयको सिफारिस र स्वास्थ्य शाखाको टिप्पणी तथा आदेशबमोजिम यस नगरपालिकामा रहेका ३९ जना बिरामीहरुको कुल जम्मा रु. ५,७५,०००/-(पाँच लाख पचहत्तर रुपैया मात्र।) यस नगरपालिकाको आ.व. २०८०/०८१ को प्रकोप व्यवस्थापन कोष खर्च शीर्षकबाट भुक्तानी गर्ने निर्णय भयो।

३. राइनास नगरपालिकाको क्षेत्र भित्रको कृषि तथा पशुजन्य उपज ढुवानी तथा पैठारी गर्नका लागि कृषि एम्बुलेन्स(बोलेरो) को भुक्तानी बाँकी रकम व्यवस्थापन सम्बन्धमा मिति २०८०/०७/२३ गतेको ३८ औं बैठकको निर्णय नं १२ अनुसार नगरपालिकाको आ.व. २०८०/०८१ को अ. ल्या बाँकी रकम बाट नगरपालिकाको कृषि एम्बुलेन्स खरिद कार्यक्रम खर्च शिर्षक बनाई हाल बजेटमा समावेश गरी र यस नगरपालिकाको १३ औं नगरसभाद्वारा अनिवार्य कार्यक्रममा समावेश गरी अनुमोदन गर्ने गरी बतास ब्रदर्श प्रा.लि. पोखरा लाई रु ८,४३,४५३.३४(अक्षरुपी आठ लाख त्रिचालिस हजार चार सय त्रिपन्न रुपैया चौतिस पैसा) भुक्तानी दिन राइनास नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय भयो।

४. यस राइनास नगरपालिका नगरकार्यपालिकाको कार्यालय र बि.पी. स्मृती भवन निर्माण समिति बेसीशहर लमजुङ बीच मिति २०८०/०५/१८ मा भएको सम्झौता बमोजिम बि.पी. स्मृती भवन निर्माण आयोजनाको तेस्रो तल्ला(भुई तल्लला र भुईतल्ला भन्दा माथीको पहिलो र दोश्रो तल्ला बाहेकको) को छत ढलान बिम ढलान, फलामे डण्डी,फिटिङ,जडान र फर्माको सम्पूर्ण निर्माण सम्पन्न कामको स्वीकर्त लागत अनुमान,डिजाइन ड्रइङ नक्सा स्वीकृत नर्म्स स्पेसीफिकेसन बमोजिम निर्माण सम्पन्न भए नभएको प्राविभिकबाट स्थलगत प्राविधिक नापजाच चेकजाँच अनुगमन गरी प्राप्त प्रतिवेदन नापी विवरण(M.B.) समेतको आधारमा नगरस्तरीय आयोजना अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन,नगरकार्यपालिकाको कार्यालयको च.नं. ६७४,मिति २०८०/०७०३ को पत्र बमोजिमको जवाफ सहितको विवरण स्थानीय तह र सम्बन्धित निकायबाट प्राप्त गरी माथि उल्लेखित आयोजनाको काम तोकिएको गुणस्तर र परिमाणमा नै सम्पन्न भएको हुँदा नियमानुसार यस अघी मिति २०८०/०७/०३ मा दिएको पेशकी रु ३,००,०००/- (अक्षरुपी तीन लाख मात्र)नियमानुसार फर्छ्यौट गरी ५ प्रतिशत नियमानुसारको धरौटी कट्टा गरी स्वीकृत बजेट हेरी बाकी रु ३,००,०००/- (अक्षरुपी तीन लाख मात्र)भुक्तानी दिने निर्णय भयो।

५. कोदोबालीमा अनुदान वितरण कार्यक्रम सम्बन्धी विषयमा आगामी नगर कार्यपालिकाको बैठकमा पुनः छलफल गर्ने निर्णय भयो।

CS CamScanner

६. राइनास नगरपालिकाबाट कृषि विकास शाखा अन्तर्गत आ.व. ०८०/०८१ का वार्षिक स्वीकृत कार्यक्रम सञ्चालन गर्नका लागि नगरपालिकाको आफ्नै कार्यविधि नरहेको हकमा संघीय तथा प्रादेशीक(गण्डकी प्रदेश) कार्यक्रम सञ्चालन कार्यविधि वमोजिम कार्यक्रम सञ्चालन गर्ने निर्णय भयो।

७. मेयर उद्यमशीलता कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सो सम्वन्धि Focal person कुमार गुरुङलाई तोक्ने साथै सम्बन्धित विषय विज्ञ लाई बोलाएर कार्यान्वयनका लागि अगाडी बढाउने निर्णय भयो।

८. राइनास नगरपालिका नगरकार्यपालिकाको कार्यालयको समग्र सुरक्षा प्रयोजनका लागि एकजना चौकीदारको आवश्यकता रहेको हुँदा नगरपालिकाको आन्तरिक श्रोतको अवस्था, स्वीकृत वजेटको अवस्था समेत हेरी नियमानुसारको आवश्यक प्रक्रिया पुरा गरी एकजना चौकीदार राख्ने निर्णय भयो।

९. राइनास नगरपालिका वडा नं ४ अन्तर्गत रहेको नगर अस्पताल सञ्चालन प्रक्रिया अगाडी बढाउन तपसिल वमोजिमको कार्यदल गठन गरी आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय भयो।

सामाजिक विकास समिति संयोजक- बलराम पराजुली- संयोजक

| | | |
|---|---|---|
| अध्यक्ष,वडा नं १ – | विष्णु प्रसाद पौडेल | -सदस्य |
| अध्यक्ष,वडा नं ३ – | देउ बहादुर पौडेल | - सदस्य |
| अध्यक्ष,वडा नं ५ – | शङ्ख बहादुर सार्की | - सदस्य |
| अध्यक्ष,वडा नं ६ – | गोविन्द चिलुवाल | - सदस्य |
| कार्यपालिका सदस्य- | सोचना लौडारी | - सदस्य |
| कार्यपालिका सदस्य- | चन्द्रावती पन्थी | - सदस्य |
| कार्यपालिका सदस्य- | विमला कुमाल | - सदस्य |
| स्वास्थ्य शाखा प्रमुख- | नानीबाबु ढकाल | -सदस्य सचिव |

१०. मिति २०८०/०७/१८ गते राती ११:४७ बजे गएको भुकम्पबाट घरको गारा तथा भुँईतल्ला भत्कीई घर बस्न नमिल्ने भएका वडा नं ६ का पीडीत नवराज कामीलाई पुनरुत्थानका लागि वडाको सिफारिस, प्रहरी मुचुल्का, फोटोहरु आदिका आधारमा नगरपालिकाको आन्तरीक श्रोत विपद व्यवस्थापन कोष खर्च शीर्षकबाट नगद रु ५०,०००/-(अक्षरुपी पचासहजार रुपैया मात्र) नगद आर्थिक सहायता गर्ने निर्णय भयो।

११. मिति २०८०/०७/२८ गते राती ६:५० बजे राइनास न.पा. वडा नं 1C निवसी श्री विन्दुरत्न श्रेष्ठको घरमा विजुलीको तार सर्ट भई आगलागी भएर क्षती भएको घरका पीडीत श्री विन्दुरत्न श्रेष्ठलाई पुनरुत्थानका लागि वडाको सिफारिस, प्रहरी मुचुंल्का, फोटोहरु आदिका आधारमा नगरपालिकाको आन्तरीक श्रोत विपद व्यवस्थापन कोष खर्च शीर्षक बाट नगद रु ४०,०००/- (अक्षरुपी चालीसहजार रुपैया मात्र) नगद आर्थिक सहायता गर्ने निर्णय भयो।

CamScanner